# चन्द्रकोट गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
शान्तिपुर, गुल्मी

सूचना नम्बर: ०१५-२०८०/०८१

## सार्वजनिक सूचना ।।।

**(प्रकाशित मिति: २०८०/०७/०३ गते)**

यस चन्द्रकोट गाउँपालिका भित्र रहेका विभिन्न सार्वजनिक खोला, नदि तथा पोखरीहरुमा विद्युतीय धार (करेन्ट) विष्फोटक पर्दाथ वा विषालु पर्दाथको प्रयोग गरी माछा तथा अन्य जलचर प्राणीहरु मार्ने तथा क्षति पुऱ्याउने कार्य भई रहेको भनि जन गुनासो प्राप्त भएको सन्दर्भमा आगामी दिनबाट यस प्रकृतिका कार्य नगर्नु/नगराउनु हुन सम्बन्धित सबैमा जलचर संरक्षण ऐन, २०१७ को दफा ५ 'क' अनुसार जलचर समात्ने वा मार्ने प्रयोजनाका लागि कुनै पनि प्रकारको विषालु पर्दाथ समेतको प्रयोग नगर्नुहुन समेत अनुरोध गरिन्छ। साथै यस सूचनाको अटेर गरी पानीजन्य स्थानमा विद्युतीय धार, विष्फोटक पर्दाथ वा अवैध प्रकृतिका विष छाडी जलचरको क्षति गराएमा सो गर्ने गराउने व्यक्तिलाई पहिलो पटकको लागि रु १० हजार, दोश्रो वा सो भन्दा बढि पटकको लागि प्रतिपटक रु २० हजार जरिवाना गर्ने र पटक पटक अटेर गरि यस्ता क्रियाकलापमा संलग्न व्यक्तिलाई जलचर संरक्षण ऐन, २०१७ बमोजिम थप कारवाहीका लागि सिफारिस गरि पठाउने सम्बन्धमा गाउँ कार्यपालिकाको मिति २०८०/०६/२३ को निर्णयानुसार यो सूचना प्रकाशित गरिएको छ। तर विभिन्न संरक्षित क्षेत्रबाहेकका अन्य स्थानहरुमा दैनिक जिवनयापन तथा मनोरञ्जनका लागि व्यवस्थित तवरले सामान्य रुपमा वल्छि खेल्ने, जाल हान्ने जस्ता प्राकृतिक कुरामा भने रोक नलगाइएको व्यहोरा अनुरोध गर्दै खोला, नदिनाला वा पानी जन्य पर्दाथमा रहने सम्पुर्ण जलचर प्राणीको संरक्षणका लागि सम्बन्धित सबैमा जानकारी गराइन्छ।

(प्रकाश चन्द्र शर्मा)

नि. प्रमुख प्रशासकीय अधिकृत

**प्रकाश चन्द्र शर्मा**

**नि.प्रमुख प्रशासकीय अधिकृत**